स्वतन्त्रता सेनानी

# धर्मरत्न 'यमि'



( वि. सं. १९७२–२०३२ )

–लेखक–

रत्नसुन्दर शाक्य

–प्रकाशक–

बौद्ध संघ भक्तपुर

Downloaded from http://dhamma.digital/

# स्वतन्त्रता सेनानी
# धर्मरत्न 'यमि'

-लेखक-

रत्नसुन्दर शाक्य

"परियत्ति सद्धम्मपालक"

—प्रकाशक—

बौद्ध संघ भक्तपुर

बौद्ध संमकृत विहार

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

प्रकाशक :-

**बौद्ध संघ भक्तपुर**

बौद्ध संमकृत विहार

दूधपाटी, भक्तपुर-१७

बु. सं.— २५३८

ने. सं.— १११४

वि. सं.— २०५१

ई. सं.— १९९४

मूल्यः- १०।-

( सर्वाधिकार सुरक्षित )

Dhamma.Digital

मुद्रक:-

**लक्ष्मी प्रिण्टर्स**

क्वाठण्डौ भक्तपुर-४

Downloaded from http://dhamma.digital/

-समर्पण-

मेरो दिमागका एक पथप्रदर्शक

सुगतदास तुलाधर

लाई

-रत्नसुन्दर शाक्य

Downloaded from http://dhamma.digital/

# भूमिका

आफ्नै एकजना सहकर्मी साथी––धर्मरत्न यमिको जीवनी, त्यो पनि बौद्ध जगत्का नामुद व्यक्तित्वहरूका जीवनी लेखनमा धमाधम अनुभव प्राप्त गरिरहेका रत्नसुन्दर शाक्यद्वारा लिखित जीवनी हेर्न पाउनु मेरो लागि 'विशेष खुशी'-को कुरो हो । 'विशेष खुशी'-यस कारणले हुन्छ कि नेपाल क्रान्तिप्रति पुराना राजनैतिक कार्यकर्ताहरूको योगदानलाई चाल नपाईकन र चाल पाईकन पनि बिर्सने प्रयास भइरहेको आजको जमानामा एकजना पुराना राजनैतिक कार्यकर्ताको जीवनी लेखिनु र लेखिएको हेर्न पाउनु पनि गनिमत हो । सं. १९-९७ साल नआएको भए सं. २००७ साल आउने थिएन, सं. २००७ साल नआएको भए सं. २०१७ साल वा सं. २०४६-४७ साल पनि आउने थिएन— यस ऐतिहासिक तथ्यलाई एकातिर बिर्सन र बिर्साउन खोज्नेहरू छन् भने अर्कोतिर यसलाई सम्झन र सम्झाउन खोज्नेहरू पनि रहेछन् भन्ने कुरो प्रस्तुत जीवनीबाट सिद्ध हुन्छ ।

यथार्थमा धर्मरत्न पाठशालीय शिक्षा पाउन नसके पनि शिक्षित बनेका, हातमा पर्न आए जति पुस्तक पढेर पठित बनेका एवं देशभित्र र बाहिर, जेल-भित्र र बाहिर भेटे जति मित्रहरूको संगतले कवि, लेखक, क्रान्तिकारी आदि बनेका व्यक्ति थिए । धर्मरत्नको संघर्षशील भावना सम्झंदा मलाई सधैं गङ्गा-लालसित रहेको उनको वर्षौंको प्रत्यक्ष सम्पर्कको याद आउँछ । सं. १९९५-९६ सालताका धर्मरत्न र उनका भाइ संघरत्न कमलाछी टोल नानिबहाल भित्र बस्दथे । त्यहाँ गङ्गालाल बराबर आउनेजाने गर्दथे । भावी शहीद गङ्गालालले आफ्ना

"जेता-नेतादि सबले मर्नु साझा सबैको
सबसब गई बस्तछन् एकदिन काखमा चित्ताको ।
किन डरूँ मृत्युदेखि मर्न कम्मर कसेको
हुँ एक वीर पुत्र वीर माँ नेपालको ।।" भन्ने बहुचर्चित



Downloaded from http://dhamma.digital/

हरफहरू उनीहरूकै कोठामा आयोजना गरिएको एउटा सानु गोप्य गोष्ठीमा पहिलो पल्ट पढेर सुनाएको कविता हो ।

प्रस्तुत जीवनी 'सन्दर्भ' ( हेर्नुस् पृ. २६ ) मा उल्लेखित तीनवटा ग्रन्थ-हरूबाट बटुलिएको सँगालो भए पनि यसले चरित्रनायकको सर्वाङ्गीण पक्ष समेटे-कोछ ।

लेखाइ सजिलो, रसिलो र खँदिलो भए पनि अनावश्यक तवरले गरिएको 'वहाँ' शब्दको प्रयोग भाषा र अक्षरको त्रुटिहरू आदि पाठकहरूलाई खट्किन्छन् नै ।

जे होस् , साहित्यिक लेखन जतातते प्रशंसित, पुरस्कृत र प्रोत्साहित भइरहेको आजको युगअनुरूपको मार्गतिर अग्रसर नभई रत्नसुन्दर शाक्यजीले आफ्नै जनता, समाज र भाषाको निमित्त अलिकति भए पनि दुःख गर्ने, दुईदिन भए पनि जेलनेल भोग्ने एक कार्यकर्ताको जीवनी कोर्न गर्नुभएको ठर्रो, रूखो, उराठिलो, अनुत्पादक जमर्को आजको सन्दर्भमा राष्ट्रिय खाँचोको एउटा परिपूर्ति हो, संघर्ष क्षेत्रमा उत्रने योद्धाहरूप्रति दर्शाइएको एउटा सद्भावना हो, सही मञ्जिलतिर चालिएको एउटा पाइलो हो, उदीयमान पिँढीको लागि एउटा निर्देशन हो ।

लेखकको यस्तै अरू सफलताको कामना गर्दछु ।

यहींनिर लेखकले हाले मेरै संक्षिप्त जीवनी लेख्ने कष्ट उठाएर मलाई सदाको लागि ऋणी बनाउनु भएको कुरो पनि स्मरणीय हुन्छ ।

२०५१-३-२२ भुवनलाल प्रधान
बबरमहल, काठमाडौं ।



Downloaded from http://dhamma.digital/

# लेखकीय

वि. सं. २०३२ सालमा मात्र दिवंगत भएका धर्मरत्न 'यमि'लाई आफूले देख्न नपाए पनि उहाँको कयौं बुद्ध, बुद्ध-धर्म, भाषा, साहित्य, समाजको रीतिथिति आदि विषयमा लेखिएका लेख एवं कविताहरू शायद त्यसताका देखिनै हेर्ने सुअवसर पाएको छु ।

शायद त्यसताकाको अर्थ हो-आफूले बुद्ध र बुद्ध-धर्म सम्बन्धी पुस्तकहरू हेर्ने अभिलाषा ( पत्रपत्रिका एवं पुस्तकहरू संकलन गर्दै ल्याएको पनि) वि. सं. २०३२ सालदेखि नै भएको यकिन साथ सम्झन्छु ।

हुनत उहाँ ( धर्मरत्न 'यमि' ) को फोटो बाल्यकालदेखि नै हेर्दै आएको थिएँ जुन २५०० औं बुद्ध-जयन्तीको अवसरमा प्रकाशित "धर्मोदय विशेषांक" वर्ष-९, अंक-७ ( वैशाष-जेष्ठ २०१३=मई-जून १९५६ ) मा उहाँको लेख "बुद्धया निदोत्या दँ" का साथ छापिएको थियो । पछि 'धर्मोदय' पत्रिकाहरू संकलनको साथ साथै अध्ययन मनन गर्दै जान पाएबाट उहाँको आशय समेत बुझ्दै जान पाएँ । उहाँको तिनै 'धर्मोदय' पत्रिकामा प्रकाशित लेखहरू नै यस पुस्तक लेखनको पहिलो प्रेरणा स्रोत थियो । उहाँको पुस्तकहरूको अध्ययन त पछिको थियो ।

धर्मरत्न 'यमि'को यस जीवनी पुस्तक लेखनको दोश्रो प्रेरक पूज्य गुरूवर भिक्षु विवेकानन्द महास्थविर ( वि. सं. १९७३-२०४२ ) हुनुहुन्थ्यो उहाँबाट बरोबर धर्मरत्न 'यमि' को प्रशंसा सुन्नि राखेको कारणबाट पनि यस पुस्तक तयार हुन आएको थियो ।

यस पुस्तकको अध्ययनबाट धर्मरत्न 'यमि'को नामबाट नै अपरिचित कुनै एक-दुई जनाले मात्र भएपनि उहाँको ब्यक्तित्वबाट प्रभावित भई उहाँको बहु-प्रतिभाशाली व्यक्तित्व मध्ये कुनै एकमा मात्र भए पनि लाग्ने प्रयत्न गर्दै लगेमा म आफ्नो लेखनलाई सफल भएको सम्झन्छु ।

पुस्तकको टिप्पणीबारे केही शब्दहरू 'भूमिका'को रूपमा धर्मरत्न 'यमि'



Downloaded from http://dhamma.digital/

कै एक घनिष्ठ मित्र (वि. सं. १९९५–९६ साल देखिका) भुवनलाल प्रधान एवं 'प्रकाशकीय''को रूपमा बौद्ध संघ भक्तपुरका अध्यक्ष त्रिरत्न शाक्यले गरिदिएकोमा म वहाँहरू द्वय प्रति कृतज्ञ छु ।

आशा छ, यहाँले पनि यस पुस्तकमा केही न केही खोट अवश्य निकाल्न सक्नुहुनेछ जसको जानकारी लेखक समक्ष पुऱ्याइदिन सविनय अनुरोध गर्दछु ।

अन्तमा, जति पनि भाषा, व्याकरण एवं प्रूफका त्रुटिहरू देखिन आए पनि भित्र केही न केही जानकारी अवश्य पाउनु हुनेछ भन्ने आशा राख्दै यहाँसित बिदा लिन चाहन्छु ।

२६ आषाढ २०५१

थालाछें — रत्नसुन्दर शाक्य



Downloaded from http://dhamma.digital/

# प्रकाशकीय

राजनीतिक विषयमा लेखिएको नेपालभाषाको बहुचर्चित उपन्यास 'आङ-ल्हामो' प्रतिबन्धित रहेकै समयमा मैले यमिज्यूका केही कृतिहरूको अध्ययन गरेको थिएँ। अध्ययनकै सिलसिलामा भारतका सुप्रसिद्ध मार्क्सवादी व्याख्याकार एवं बौद्ध विद्वान महापण्डित राहुल साँकृत्यायनका कृतिहरू संग पनि टाँसिन पुगे। राहुलजीको पुस्तकको धेरै ठाउँमा धर्मरत्न 'यमि'को चर्चा सुनेपछि उहाँको विषयमा अध्ययन गर्ने थप बल प्राप्त भयो।

वास्तवमा धर्मरत्न 'यमि' बहुआयामिक व्यक्तित्व हुनुहुन्थ्यो। भौतिक रूपले गरिब भएपनि राजनीतिक परिवर्तन, सामाजिक सुधार र साहित्यिक उन्नतिको लागि उहाँले गरेका कार्यहरूले उहाँलाई अत्यन्त धनी बनाएको छ। समाजको सर्वतोमुखी कल्याणकारी काम गर्दै जाँदा दु:ख, पीडा र यातनालाई पचाउनु पर्छ भन्ने कुरा उहाँको जीवनबाट सिक्न सकिन्छ। यमिज्यूले धेरै दु:खका दिनहरू बिताए। यातनाहरू सहे। तर निराश भएनन्। साहसका पाइलाहरूको गतिमा कमी देखिएन। प्रजातान्त्रिक मूल्य, मान्यता र संस्कारका खातिर उहाँ राणा विरोधी आन्दोलनमा झन बढी सक्रिय भएर लाग्नुभयो। यति मात्र होइन, महामानव गौतम बुद्धका उपदेशहरूको असल अनुयायी समेत बन्नुभएका यमिज्यूले बुद्धका शिक्षाहरूलाई आफ्ना कृतिहरूको माध्यमबाट जनताको घर दैलो पुऱ्याउने कार्य गरे। बुद्धका तिनै प्रगतिशील उपदेशहरूको प्रेरणाले यमिज्यू कु-संस्कार रूढिगत मान्यताका कट्टर विरोधी र असल समाज सुधारक पनि भए। यसरी नेपाली समाज भित्र हुर्के बढेका मान्छे भित्रकै असल मान्छे धर्मरत्न 'यमि'को चिनारीलाई ''स्वतन्त्रता सेनानी-धर्मरत्न 'यमि''' को नामबाट पुस्तक लेखी श्री रत्नसुन्दर शाक्यले प्रशंसनीय कार्य गर्नुभएको छ।

यस 'बौद्ध संघ भक्तपुर'को कार्य समितिको सदस्य समेत रहनुभएका श्री रत्नसुन्दर शाक्य बौद्ध साहित्यका अध्ययन कर्ता हुनुको साथै उदियमान लेखक पनि हुनुहुन्छ। निरन्तर लेखन कार्यमा व्यस्त श्री शाक्यज्यूको अठारौं पुस्तक



Downloaded from http://dhamma.digital/

"स्वतन्त्रता सेनानी-धर्मरत्न 'यमि'" पुस्तकलाई यस संघले प्रकाशन गर्न पाउँदा गर्वका साथै खुशीको महशुस पनि भएको छ। तसर्थ प्रकाशकीय दायित्व सुम्पने श्री शाक्यज्यू धन्यवादका पात्र हुनुभएको छ।

यति हुँदाहुँदै पनि धर्मरत्न 'यमि' आफै र उहाँको प्रशंसक, आलोचक र उहाँका पाठकहरू समेत अधिकांश नेवार समुदायमै केन्द्रित भएकोले प्रस्तुत पुस्तक पनि आफ्नै मातृभाषा (नेपाल भाषा) मा लेखिएको भए झन बढी गुनिलो हुने थियो यद्यपि यस 'बौद्ध संघ भक्तपुर'को पहिलो प्रकाशन श्री शाक्य कै "बाबा-साहेब डा. अम्बेडकर" पुस्तक रूचाई दिनुभए जस्तै प्रस्तुत पुस्तक पनि रूचिका साथ पढ्नु हुनेछ र हार्दिकताका साथ त्रुतिहरू केलाउनु हुनेछ भन्ने बिश्वासका साथ पुस्तक छपाई सम्बन्धी कार्य गरिदिएकोमा 'लक्ष्मी प्रिन्टर्स'का सुदेश शाक्यलाई पनि धन्यवाद दिंदै "प्रकाशकीय शब्द" यही अन्त गर्दछु।

त्रिरत्न शाक्य
अध्यक्ष
बौद्ध संघ भक्तपुर

२०५१-३-२५
भोलाछें



Downloaded from http://dhamma.digital/

# 'स्वतन्त्रता सेनानी-धर्मरत्न 'यमि'

नेपालमा राणाशासन अन्त गर्नमा एक राजनैनिक सिपाहीको रुपमा हुनुभएका एवं देशमा ब्राह्मणवादी विशेषता ( जातिभेद, छुवाछुट आदि ) हरूको विरूद्ध आवाज उठाउनेहरूमा भारतका संविधान निर्माता डा. अम्बेडकर (सन् १८९१-१९५६) जस्तै धर्मरत्न 'यमि' प्रमुख हुनु हुन्छ।

वहाँको जन्म काठमाडौंको असन कमलाछी टोलमा २ भाद्र १९७२ सालका दिन पिता भवानीरत्न तुलाधर र माता देवीमाया तुलाधरको दोश्रो सुपुत्रको रूपमा भएको थियो । वहाँको बाल्यकालको उपनाम 'जुजुभाई' थियो।

वास्तवमा राणाप्रधानमन्त्री चन्द्रशमशेर (राज्यकाल, सन्–१९०१-२९) को एक राजव्यापारी रत्नदास तुलाधर (निधन-सन् १९२२) को नातिको रूपमा जन्मेको भएता पनि धर्मरत्नको बाल्यकालमै प्रधानमन्त्री चन्द्रशमशेरकै कुटिल तानाशाहीको कारण वहाँहरूका सम्पूर्ण परिवार विना घरको कंगाल अवस्थामा पुऱ्याइदिइएको थियो । अतः अन्य दाजुभाइ(आशारत्न, मानदास र हर्षदास) सरह भवानीरत्न तुलाधर पनि गुजारा (इलम) को निमित्त यत्र-तत्र भौतारिँदै कालिम्पोङ्ग पुग्नुभएको थियो। कालिम्पोङ्गमा साइकल र टोपीको ब्यापार गर्दै-रहेको वेला वहाँको भेट नेपालका एक धनाढ्यसेंठ धर्ममान साहू(वि० सं० १९१८-१९९४) का माहिलो पुत्र ज्ञानमान तुलाधरसित भयो । धर्ममान साहू आफ्नो बुबा रत्नदासको एक हितैषी मित्र हुनाको कारण भवानीरत्न तुलाधरले ज्ञानमान साहूको सल्लाहअनुरुप वहाँ संगै ल्हासा जानु भयो र साहूहरूको फारीजोङ्ग स्थित कोठीमा मूलव्यापारीको रूपमा रहनु भयो। भवानीरत्नको स्वभावको बारेमा वहाँको एक परिचित भारतीय विद्वान राहुल सांकृत्यायन बताउनु हुन्छ—

''भवानीरत्न फजूलखर्ची थे, लेकिन साथ ही बडे ही इमानदार और मेहनती थे । कुछ ही समयबाद साहू ( धर्ममान एवं ज्ञानमान ) ने उन्हे अपनी ल्हासाकीं कोठी मे मुख्य कर्मचारी बनाकर भेजदिया, जहाँ उन्होंने ११ वर्ष, १९३४ ई. तक काम किया।''



Downloaded from http://dhamma.digital/

महापण्डित राहुल सांकृत्यायनले साहु रत्नदासलाई कंगाल अवस्थामा पुऱ्याउनमा पुत्रहरूले पनि साथदिएको बारे बताउनु हुन्छ—

"उस समय ल्हासा मे रत्नदास साहूकी कोठी मौजूद थी और उससे परिवारकी सहारा मिलसकता था, लेकिन बडे लडके आशारत्नने मदिरा और मदिरिक्षणा के ऊपर सब चौपट कर दिया। किन्तु हालत संभालने मे साहूके जेठे लडके ही नहीं, बल्कि मझले भवानीरत्न भी भारी बाधक थे। उन्होंने एक दूसरे जाति की रखेल रखली थी, और बापके समय खूब पैसा उडाते रहे। वह अपनी पत्नी अर्थात् धर्मरत्नकी मांको बहुत उपेक्षित रखते। वह बेचारी अपने लडकोंके लिए किसी तरह मायके में जीवन बिताती थी"।

महापण्डित राहुल सांकृत्यायनले बताउनुभए जस्तैं धर्मरत्न 'यमि' ले आफ्नो बाल्यकाल बडो कष्टका साथ बज्यैं (आमाको माइत) को घरमा बिताउनु भएको थियो। धर्मरत्नको कोही मामा थिएन। बज्यैं एकलैं थिइन्। अतः गुजाराको निमित्त वहाँले पाठशाला जानुको सट्टा एक तमोट ( ताम्राकार ) कहाँ गई महिनाको पांच रूपियां पाउने गरी खलाँती चलाउने काममा जान्न बाध्य हुनु भएको थियो, त्यसबेला वहाँ सिर्फ ८ वर्षका हुनुहुन्थ्यो।

त्यस काममा वहाँ ३ वर्ष सम्म मात्र रहनुभएको थियो कारण त्यसबेला गुभाजू र तुलाधरहरूका बीच पारस्परिक मतभेद हुनपुगेको थियो, कारण वि.सं. १९८१ सालको फागुण महिनामा नेपाल आउनुभएका "क्यान्छ्या लामा" थिए। सो लामालाई ढोग्नु हुन्छ वा हुन्नको बारेमा सो मतभेदले उग्ररूप लिंदैं आएको थियो। त्यसैं अन्तर्गत धर्मरत्न तुलाधर एक पक्षको हुनुहुन्थ्यो भन्ने ताम्राकार विपक्षमा रहनगएको कारण वहाँले आफ्नो कामबाट पनि विदा पाउनु भयो।

त्यसपश्चात् वहाँले लक्ष्मीप्रसाद खरदार नामक एक व्यक्तिकहाँ महि-नाको ३।- रूपिया पाउने गरी कपडाको जुत्ता बनाउने काममा रहनु भयो। त्यहाँ वर्षदिन काम गरिसकेपछि आफ्नो बाजेका एक पुरानो नोकरसित भेटघाट भई वार्तालाप भएको फलस्वरुप त्यस नोकर मालिकले वहाँलाई जुत्ता बनाउने काम ठेक्कामा दिए जसबाट धर्मरत्न 'यमि' ले शुरूको महिनामैं ३५।- रूपिया कमाउनु भयो। यसबाट धर्मरत्नको जीवन निश्चित रुपमा चलिरहेको थियो तर केही



Downloaded from http://dhamma.digital/

समयपछि नै देशमा सुलभमूल्यमा जापानी कपडाका जुत्ताहरू आइदिएको कारण हातबाट बनेको महंगो कपडाको जुत्ता त्यसै पर्न गयो। यसबाट अब फेरि धर्मरत्नले बेकार अवस्थामा पुग्नुपर्‍यो। यसबेला सम्ममा वहाँ १७ वर्ष पुगिसक्नुभएको थियो।

अब वहाँले काठमाण्डौमा रही कामको निमित्त भौंतारिनुको सट्टा आफ्नो पिता कहाँ गई कामको प्रबन्ध गर्न जाने विचार लिनुभयो। अत: १७ वर्षका धर्मरत्न तुलाधरले बज्यैलाई आफूले नै दिई राखेको १५५।- रुपिया चोरी कसैलाई थाहा नदिई कालिम्पोङ्गतिर प्रस्थान गर्नुभयो। वहाँलाई 'कालिम्पोङ्ग' कुन दिशामा छ भन्ने कुरानै थाहा थिएन। अत: थानकोट मै वहाँले एक पसलेसित कालिम्पोङ्गको बाटो सोध्नुभएको थियो। वहाँको सोधाइबाट पसलेलाई दया लागी शहर मै फर्कन सल्लाह दिएको थियो। धर्मरत्न तुलाधरले आफ्नो बाबु ल्हासामा रहेको त्यहीं काम गर्न जाने कुरा उठाउँदा पसले झन आश्चर्य मानी– "बस, रेल चढेर जानु पर्छ, तिमी सक्दैनौ नानी, फर्क" भनी धेरै सम्झाएका थिए तर साहस लिएर आएका धर्मरत्नले वहाँको कुरालाई स्वीकार गर्नु भएन जस्तोसुकै कठिन भएतापनि कालिम्पोङ्ग पुग्ने विचारले चन्द्रागिरी पहाड चढ्न थाल्नु भयो। त्यसबेलासम्म वहाँले नेपाली भाषानै राम्ररी बोल्न जानुभएको थिएन। जसोतसो गरी वहाँ कालिम्पोङ्ग पुग्नु भयो र केही दिन धर्ममान साहूको कालिम्पोङ्ग कोठीमा रहिसकेपछि ल्हासा प्रस्थान गर्नुभएको थियो। वहाँ ल्हासा पुग्नु भई पिता भवानीरत्न तुलाधरलाई भेट्टी वहाँसंगै साहूको कोठीको एक विश्वस्त कर्मचारीको रूपमा रहनुभयो–यो सन् १९३३ को कुरा हो।

सन् १९३४ को शुरूमा धर्मरत्न "छु-सिङ-श्या" (धर्ममान साहूको ल्हासास्थित कोठीको नाम) को काममा कालिम्पोङ्ग–कलकत्ता आउनुभएको थियो। मार्च महिनामा ल्हासा फर्कन कालिम्पोङ्ग रहँदैआउनुभएको बेला वहाँको प्रथम भेट भारतका सुविख्यात विद्वान एवं महान-साहित्यकार राहुल सांकृत्यायन सित भयो, वहाँ त्यसबेला स्थविरवादी भिक्षु हुनुहुन्थ्यो। आफ्नो पहिलो तिब्बत यात्राको अधूरो काम (प्राचीन संस्कृत बौद्ध ग्रन्थहरूको खोज) को निमित्त ल्हासा जान कालिम्पोङ्ग आइरहनुभएको थियो। त्यस्तै नेपालका आफ्नै कुल(तुलाधर) बाट प्रव्रजित एवं उपसम्पन्न हुनुभएका भिक्षु धम्मालोक(गृहस्थको



Downloaded from http://dhamma.digital/

बेला-दशरत्न तुलाधर ) पनि चीनमा नई जीवित महामञ्जुश्री दर्शन गर्न जाने अभिलाषा लिई ल्हासा पुग्न कालिम्पोङ्ग आइरहनुभएको थियो। यसरी दुइ जना बौद्ध भिक्षुका साथ धर्मरत्न तुलाधर सन् १९३४ को अप्रिल महिनाको अन्तिम हप्तामा ल्हासाको दोश्रो यात्रा शुभारम्भ गर्नुभएको थियो।

यसरी धर्मरत्न तुलाधरले महिना दिनसम्मको यात्रामा राजनीति एवं धर्मका ज्ञाता राहुल सांकृत्यायनसित सम्पर्क एवं वहाँको विचार सुन्न पाएको कारण वहाँ आफूलाई धन्य सम्झनु हुन्थ्यो। त्यस्तैमा ल्हासामा वहाँको सम्पर्क आनन्दानन्द नामक एक परिव्राजकसित भयो जो चटगाउँ (बंगलादेश) का एक क्रान्तिकारी थिए, भाग्दै-घुम्दै-फिर्दै ल्हासा पुग्नुभएको थियो। ती क्रान्तिकारीले वहाँलाई राष्ट्रिय र अन्तराष्ट्रिय स्थिति सम्झाउँदै लग्नुभएको थियो साथै मालिक र नोकरहरूको शुरुवाट एवं व्यवहार हुने बारे पनि स्पष्ट सम्झाई धर्मरत्नमा पनि क्रान्तिकारी विचार ल्याइदिनमा सफल हुनुभएको थियो।

सन् १९३४ मै धर्मरत्नका पिता भवानीरत्न तुलाधरले जवानीबेला देखि नै आफूले उपेक्षित गरिराखेकी आपनी पत्नी देवीमाया एवं पुत्रहरूलाई गरेको अपमान एवं अन्य केही कारणहरू पनि देखिन आई विवश एवं पछुताउको फलस्वरुप अन्तिम शरणको रुपमा आत्महत्या गर्नुभएको थियो। विशेषतः धर्मरत्नकी आमाको निधनको खबर सुन्नुभएको बेलादेखि वहाँलाई भारी पश्चाताप भई निद्रै लागेको थिएन। धर्मरत्न एक दिन पसल गइरहेको समय पारी दिनको १. बजे एक अंध्यारो कोठाको कुनामा गई फ्रेन्च पिस्तौलले आफूले आफैलाई हानी आत्महत्या गरेका थिए। खबर पाउनासाथ धर्मरत्न हस्याङ्ग फस्याङ्ग गरी आइपुग्नु भयो तर त्यतिबेला सम्म भवानीरत्नको शरीर चिसो भइसकेको थियो—

मर्नुअगाडि भवानीरत्नले ३ वटा पत्र लेखी पैसा राखिएको सन्दूक मुनि छोडेको थियो। त्यसमा एउटा पत्र नेपाली राजदूतलाई लेखिएको थियो। जसमा लेखिएको थियो —

"मैले आफ्नो खुशीले आत्महत्या गर्न लागिरहेको छु। हीराको धुलो चाटें र पकाएको तेलमा अफिम हालेर पनि पिएँ तर मर्न सकिन। अब पिस्तौलको गोलीले आफ्नो जीवन खतरामा गर्न लागिरहेको छु। यसमा कसैको दोष



Downloaded from http://dhamma.digital/

छैन।''

छोरा र भाइ (मानदास)लाई लेखेको पत्रमा ''आफ्नो नालायककीको कारण तिमीहरूको लागि केही गर्न सकिन'' भनी उल्लेख गरिएको थियो।

यसरी आफ्नो एकमात्र सहारा पिताको आत्महत्याले धर्मरत्न तिर्मिराउनुभयो। अतः वहाँले तिब्बत(ल्हासा)छोड्ने विचारगर्नुभयो तसर्थ आफ्नो ८००।- र पिताको २५००।- रूपिया लिई वहाँ कालिम्पोङ्ग फर्कनु भयो।

कालिम्पोङ्गमा केही महिनाको बसाइमा वहाँले ''समाजको यौटा झलक'' नामक एक लघु उपन्यास लेख्नुभएको थियो। ५५ पृष्ठको त्यस पुस्तक स्थानीय एस.डी. पी. ओ. उपासकले प्रकाशित गरिदिनुभएको थियो। यस पुस्तकमा वहाँले शोषकहरूको दुष्टव्यवहार एवं तिनीहरूको अन्य प्रवृत्ति सम्बन्धी जोशिलो भाव व्यक्त गर्नुभएको थियो।

त्यस किताबको प्रकाशनपश्चात् केही किताबहरूका साथै मनमा तीव्र विद्रोह लिई वि. सं. १९९४ सालमा वहाँ कान्तिपुर (काठमाडौं) आइपुग्नुभएको थियो।

धर्मरत्न काठमाडौं आउनुभई सर्वप्रथम ३०००।- रूपिया पूंजी राखी जुत्ताको पसल खोल्नुभएको थियो तर केही महिनामै मालिकसित झगडा हुन गएको कारण साहू (मालिक)हरूको कठोर-व्यवहारको कारण विरक्त भई सिर्फ दश रूपिया र आधा तोला सुन लिई काठमाडौं नगर छोडी त्रिशुली प्रस्थान गर्नुभएको थियो। त्रिशूलीमै वहाँले भेष बदली साधु हुनुभई वेत्रावत्ती जानुभएको थियो। वहाँ वेत्रावत्तीस्थित मैनछेन गुम्बामा पुग्नुभई. त्यहाँका प्रमुख लामासित हठयोग एवं अन्य कुराहरू सिक्नमा लागे साथै आफूले त्यहाँका केही केटा केटीहरूलाई पढाउने कार्य पनि गर्नुभएको थियो तर त्यहाँ पनि वहाँलाई मनमा शान्ति एवं सन्तोष थिएन, अतः वहाँ पहिलेकै रूपमा काठमाडौं फर्कनु भयो। अब वहाँले आफ्नो जीवनको उद्देश्य देशमा राजनैतिक चेतना फैलाई राणा-शासन अन्त गर्ने पक्षधरहरूसित हामा हाँ मिलाई कार्य शुरू गर्नतर्फ लाग्नुभयो।

जीविकोपार्जनको निमित वहाँले वि. सं. १९९५ सालतिर असन भोटाहिटीमा सानो एककवले साबुन पसल राख्नुभएको थियो जुन पसल सम्बन्धी एक प्रतिष्ठित पत्रकार देवेन्द्र 'मुमुक्ष' भन्नुहुन्छ—



Downloaded from http://dhamma.digital/

"काठमाडौं असन भोटाहिटीको सानो एक कवले श्री यमिको पसल राणाका गुप्तचरहरूको आँखामा धुलो राख्ने साधनको रूपमा प्रयोग हुन्थ्यो । भित्रभित्र क्रान्तिकारीहरूसित सम्पर्क स्थापना गर्ने र पर्चा, पम्पलेट र चिठ्ठीपत्र आदान-प्रदान गर्ने अखडाको रूपमा व्यस्त र प्रयोग गर्ने गर्दथ्यो। त्यही पसल तीनै शहर (काठमाडौं, भक्तपुर र ललितपुर) मा सम्बन्ध जीवित राख्ने साधनको रूपमा क्रान्तिकारीहरूले प्रयोग गर्दथे ।"

यसरी धर्मरत्न 'यमि'को त्यस पसल बाहिर लुगाबाट मयल र गन्ध हटाउने साबुन पसल थियो भने भित्रबाट क्रान्तिकारी युवावर्गहरूको तर्फबाट देशको मयल हटाउने प्रक्रियामा सघाउ पुर्‍याइरहेको थियो । अतः त्यस पसल एवं पसलेसम्बन्धी पुन: एकपटक नेपालको पहिलो राजनैतिक संगठन "प्रचण्ड गोर्खा" (स्थापना–वि. सं. १९८८) का एक संस्थापक एवं २० वर्ष (२००७ साल सम्म) जेलजीवन भोगेका खड्गमान सिंह बस्नेतको शब्दमा उल्लेख गरौं––

"धर्मरत्न 'यमि' को सरल स्वभाव, हँसिलो अनुहार, मिठो बोली र गहीरो विचारको कारण त्यस पसलमा साबुन किन्ने ग्राहकहरूमात्र होइन सुधार र उन्नति प्रति चाख राख्ने प्रवृत्ति भएका महानुभावहरू समेत भेला हुन थाले । त्यस पसलमा तत्कालीन राणा शासनले गरेको शोषण र अत्याचार, भारतमा चलिरहेको स्वतन्त्रताको संग्राम तथा विश्वका विभिन्न मुलुकमा राजनैतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा भएका विकास एवं कतिपय देशमा त क्रान्तिद्वारा व्यवस्था समेत उथल-पुथल भएको बारे चर्चा हुन्थ्यो ।"

त्यही पसलमा हाल नेपाली कांग्रेसका सर्वोच्च नेता गणेशमानसिंह श्रेष्ठ, शहीद गंगालाल श्रेष्ठ (वि. सं. १९७५–९७), राजनैतिक, सामाजिक एवं नेपालभाषा साहित्यका एक प्रमुख व्यक्तित्व प्रेम बहादुर कंसाकार (ने. सं. १०३७-१११२) आदिहरूको एक आपसमा सत्संगत गर्न पाई घनिष्ठ सम्बन्ध हुँदै आएको थियो । पछि वि. सं. १९९७ साल कार्तिक महिनामा भएको "नेपाल प्रजापरिषद्" ( स्थापना–२० जेष्ठ १९९३ )का सदस्यहरू एवं अन्य राजनैतिक सामाजिक एवं शैक्षिक क्षेत्रमा लागेका व्यक्तिहरूलाई गरेको धरपकडमा साबुनपसले धर्मरत्न 'यमि' पनि समाविष्ट हुने त स्वाभाविकै भयो ।

गिरफ्तार गरिएका करीब दुइसय जति व्यक्तिहरूमध्ये अधिकांश सफाई



Downloaded from http://dhamma.digital/

वा धरथोर जरिवाना तिरी छुटे। त्यसपछि २५ पौष १९९७ का दिनदेखि सिंह-दरवारभित्र थुनामा करिब सय जनामात्र बाकि रहे। त्यसमा पनि ६ माघ १९९७ सम्ममा प्रमुख मानिएका एक तिहाई जति लाई बाकि राखी अन्य सबैलाई छोडिदिएका थिए। बाकि प्रमुख कैदीहरूलाई ७ माघ १९९७ साल सोमवारका दिन तिनीहरूको सम्बन्धमा सजायँ फैसला गर्न एक विशेष अदालतको इजलास बसेको थियो। त्यस इजलासमा श्री ५ त्रिभुवन, बृटिशरेजिडेन्ट–वेन्थाम, श्री ६ वडागुरुज्यू एवं ब्राम्हण राजपुरोहितहरूको साथै उच्चपदस्थ राणाहरू, काजी-भारदार र सैनिक अधिकारीहरू सम्मिलित गरिएका थिए।

प्रधानमन्त्री श्री ३ जुद्धशम्शेर (राज्यकाल, सन् १९३२-४५)को आगमन पश्चात् शुरूभएको त्यस इजलासमा जुद्धशम्शेरको तर्फबाट एक जना कर्मचारी-ले एउटा लिखितब्यहोरा पढेर सुनाएको थियो। त्यस कागजमा विशेषत: शुक्रराज शास्त्री र पं. मुरलीधरमाथि सबै दोष खन्याइएको थियो। त्यसपछि सबै अपराधी-हरूलाई सजायँ गर्ने बारे लेखिएको कागज पनि पढी सुनाइएको थियो। त्यस-वेला ती अपराधीहरू (सयमा एकतिहाई) लाई सिंहदरवारको बेलायती बैठक-मुनि हाजिर गराइराखेको थियो।

आफ्नो तर्फबाटको सजायँको फैसला सुनाईसकेपछि अन्य प्रमुखहरूको तर्फबाट मन्तव्य पाउने प्रतिक्षामा श्री ३ जुद्धशम्शेरले उपस्थित् सभासद्हरू तिर नजर फिराउन लागे। केही बेरसम्मको सन्नाता पछि जुद्धशम्शेरले आफ्नै साथमा रहेका श्री ५ त्रिभुवन (वि. सं. १९६३-२०११) सित सोधे—

"यी गाथगद्दी ताक्ने राजद्रोहीहरूलाई के सजायँ दिनु पर्ला, सरकार?

श्री ५ त्रिभुवनले नम्रतासाथ जवाफ दिएँ-

"नरमै (**Moderate**) गर्नु पर्ला।"

त्यसपछि श्री ३ जुद्धशम्शेरले राजगुरूहरूतिर हेरेर उनीहरूको राय मागे। राजगुरूहरूमध्ये विशेषत: पण्डितराज सोमनाथ सिग्देल (वि. सं. १९४१-२०२९) ले जुद्धशम्शेर समक्ष बिन्ती गरे–

"महाराज! धर्मशास्त्र अनुसार सजायँ बक्सनामा जो तजवीज।"

हिन्दूधर्म ग्रन्थ (शास्त्र)हरूमा राजद्रोहीहरूलाई के-कस्तो दण्ड दिनुपर्छ भन्ने बारेमा स्पष्ट संग उल्लेख हुनाको कारण ब्राम्हण-राजपुरोहितहरू निर्धक्क



Downloaded from http://dhamma.digital/

थिए, आफूले यसो त्यसो भनिराख्नुपर्ने आवश्यकता नै थिएन; श्लोकको उल्लेख मात्र गरे पुग्ने किसिमको थियो ।

बाकि रहेका ३५, ३६ जना अभियुक्तहरू मध्ये जुद्धशम्शेर शुक्रराज शास्त्रीदेखी विशेषरूपले नै क्रुद्ध भएका थिए । अतः उनले शुक्रराजलाई 'नेवार, ज्यापू...' आदि शब्दहरू प्रयोग गरी गाली गर्दैरहे । आफूलाई धेरै बेर सम्म यस्तै किसिमले गाली-गलौच गर्दैरहेको देखी शहीद शुक्रराज शास्त्री (वि. सं. १९५०-१९९७)ले जुद्ध शम्शेरको कुरालाई बीचैमा काटी भन्नुभएको थियो-

"महाराजले मात्र यहाँ बोल्ने र हामीहरूले केही भन्न नपाउने हो भने मेरो केही भन्नु छैन तर यदि यो सभा हो भने यहाँ उपस्थित सबैले बोल्न पाउनु पर्दछ । महाराजको मलाई मार्ने ईच्छा छ भन्ने म मरिदिन्छु । मलाई मर्नमा कुनै डर छैन तर महाराजसंग र यो सभासंग म एउटा प्रश्न सोध्न चाहन्छु, ज्यान सजायँ पाउनु पर्ने खालको अपराध मैले के गरेको छु ? त्यो स्पष्ट होस् । जेलभित्र बस्दाबस्दै (वि. सं. १९९५ साल, मार्ग महिनादेखि) म माथि अनेकौं आरोप लगाइएका छन् । ती सबै कसरी साबित हुन्छन् ?......अर्को कुरा, यहाँ राजद्रोहीहरुलाई धर्मशाश्त्रमा तोकिएका विभिन्न सजायँको चर्चा चल्यो तर जनता प्रति आफ्नो दायित्वहरू पूरा नगर्ने शासकहरुको लागि धर्मशाश्त्रले तोकेका दोषहरूको कुरा पनि त यहाँ उठ्नु पर्ने हो .....।"

शुक्रराजको तर्क वा गुनासोको जवाफ दिने काम त्यहाँ भएन । राजसत्ताको सर्वोच्च अख्तियार उपभोग गर्दै आफूले बोलेको कुरा नै सर्वोपरी हुकुममा प्रमाणित गराउन सक्ने श्री ३ महाराजले त्यहाँ उपस्थित अदालतका अधिकारीहरुतर्फ फर्की " कडा सजायँ देऊ, यिनीहरूलाई' भनी हुकुम दिई आफ्नो बालाजुस्थित दरवारमा फर्के । श्री ५ त्रिभुवन पनि नारायणहिटी राजदरवारमा फिर्‍यो र बृतिश रेजिडेन्ट पनि सिंहदरवारबाट निस्के ।

यसरी त्यस विशेष अदालतको विशेष इजलास विना पूर्णभई टुङ्गियो । अतः आधा घण्टा पश्चात् त्यस इजलास तत्कालीन कमाण्डर इन-चीफ पद्म शम्शेरको अध्यक्षतामा फेरिबस्यो, पद्म शम्शेरका साथ मोहन शम्शेर, केशर-शम्शेर, आनन्द शम्शेर, शङ्कर शम्शेर, नर शम्शेरका साथ जङ्गी अदालतका कर्मचारी रत्नमान काजी जो गणेशमानसिंह श्रेष्ठका बाजे थिए त्यहाँ उपस्थित



Downloaded from http://dhamma.digital/

थिए। फसलाको कागज रत्नमानको हातमा थियो तर अरूले नै पढेर सुनायो। बाकि रहेका अभियुक्तहरूको सजायं यस प्रकार तोकिए-

१. सर्वस्व भई ज्यान सजायँ हुने—

शुक्रराज शाश्त्री, धर्मभक्त माथेमा, दशरथचन्द, गंगालाल श्रेष्ठ र पूर्णनारायण प्रधान। पूर्णनारायण प्रधान एकजान ज्यान सजायँ पछि जन्मकैदमा बदलिएको थियो।

२. सर्वस्व भई मुडी दामल हुने—

टंकप्रसाद आचार्य र रामहरि शर्मा।

३, सर्वस्व भई जन्म कैद हुने—

फत्तेबहादुर सिंह, कम्पाउडण्डर चन्द्रमान सायँजु, चिनियालाल, गोबिन्द प्रसाद उपाध्याय, पुष्करनाथ उप्रेती, मुकुन्दनाथ उपाध्याय, चूडाप्रसाद उपाध्याय बलबहादु पाण्डे, र गणेशमानसिंह श्रेष्ठ, हरिकृष्ण श्रेष्ठ, मुरलीधर शर्मा।

४. सर्वस्व भई १८ वर्ष कैद हुने—

जीवराज शर्मा, धर्मरत्न तुलाधर, केदारमान 'व्यथित' चन्द्रमान मास्के।

५. १२ वर्ष कैद हुने—

सिद्धिचरण श्रेष्ठ, धुव्रनाथ द्विवेदी, गणेशराज श्रेष्ठ, ड्रा. मरिचमान, लेप्टेन रामदास खत्री, कटकबहादुर नकर्मी।

६. ६ वर्ष कैद हुने—

रामजी जोशी, चित्तधर तुलाधर( पछि 'हृदय' ), पूर्ण बहादुर एम. ए. र फणीन्द्र राज हमाल।

७. ५ वर्ष कैद हुने-

राजालाल कलवार-वीरगञ्जको।

८. ३ वर्ष कैद हुने—

खरदार भूपालसिंह श्रेष्ठ, व्यासजी शर्मा, ज्योतिप्रसाद उपाध्याय, अबन्तीनाथ उपाध्याय र नूतनराज उपाध्याय।

यसरी वि. सं. १९९७ सालको पर्वमा धर्मरत्न तुलाधर लाई पनि सर्बस्व सहित १८ वर्षको कैदको फैसला सुनाइएको थियो।

प्राणदण्ड घोषित गरिएका ५ जना अभियुक्त (राजबन्दी) हरूलाई छोडी



Downloaded from http://dhamma.digital/

अन्य सबलाई भोलिपल्ट भद्रगोल (सेन्ट्रल जेल) जेलमा पुऱ्याइए। तिनीहरूलाई ४ वटा कोठामा राखिए।

धर्मरत्न तुलाधर, रामहरि शर्मा, टंकप्रसाद आचार्य, चित्तधर तुलाधर र गोविन्दप्रसाद उपाध्याय एउटै कोठामा परेका थिए। अतः वहाँहरू धर्मरत्न तुलाधरको स्वभाव देखि निकै परिचित थिए।

धर्मरत्न 'यमि'को संस्मरणमा ''नेपाल प्रजापरिषद''मा लागेबापट वि.सं. १९९७ सालदेखि २००७ सालसम्म जेल जीवन भोगेका गोविन्द प्रसाद उपाध्याय भन्नुहुन्छ—

''धर्मरत्न 'यमि' बडा हँसमुख र गफ गर्न मनपराउने र उट्पटाँग गफ गर्ने खालका थिए। ६ महिना पछि कालकोठरीको निर्माण गरी हामीलाई अलग्गै सानो कम्पाउण्ड भएको जेलभित्रको जेलमा सारियो। त्यहाँ पनि उनी टंकप्रसाद रामहरि र लेखक भएकै कोठामा बस्दथे।

कालकोठरीमा उनले पनि अरूले जस्तै जीवन यापन गरे। बुद्धिस्ट साहित्य र राहुल साँकृत्यायनको किताबको उनले अध्ययन गरेका थिए। कालकोठरीमा रामायण, महाभारत र पुराणादि संस्कृत साहित्यको केही अध्ययन मननका साथै भूगोल, हिसाब, आदि पनि उनले पढ्ने मौका पाए। उनी जेलजीवनमा अरू परिस्कृत भए। लेख, कविता रचनमा पनि उनको रुची बढ्यो।''

धर्मरत्न 'यमि'को स्वभाव बारे नेपाली कांग्रेस का 'सर्बोच्च' नेता श्री गणेशमान सिंह श्रेष्ठ भन्नुहुन्छ—

'' १९९७ सालमा हामी सबै जेल पऱ्यौं। यमिजी त्यहाँ विशेष लोकप्रिय हुनुहुन्थ्यो। सिपाहींहरूलाई हात लिन र सबैलाई हँसाउन उहाँ सिपालु हुनुहुन्थ्यो। वाकपटुता र हँसाउने कलात वहाँको अनौठो थियो। त्यस्तै चलाकीपन पनि वहाँमा निकै थियो।''

हो पनि, वहाँलाई गिरफ्तार गरेर लगेको केही दिन पछि केरफेर गर्न लगिएको समयमा प्रसंगवश सोधिएको थियो ''तिम्रो विवाह भएको छ कि छैन ? वहाँले 'अलिअलि भएको छ' भनी हँसाएका थिए।

त्यस्तै ''तिमी कहाँ कहाँ गयौं के के गर्यो ? भनी सोधेको प्रश्नलाई 'आफ्नो बयान म आफै लेख्छु' भनी तीन दिनसम्म लगाएर आफूले जे जति गरेको



Downloaded from http://dhamma.digital/

सुनेको हो सबै लेख्नु भयो जसमा आमाले पिट्दा रोएको कुरादेखि ल्हासा जान्दा भोटेनी ( हिसिला ) सित प्रेम भएको र साबुन पसल थाप्दा ५०।- रू ड्याग परेको आदि पारिवारिक वा जीवनयात्रामात्र उल्लेख गरेको थियो, राजनैतिक जीवन बारे केही लेखिएको थिएन ।

लेखेको बयान नहेरिकन नै बयान लिन आएका गंगा बहादुर कर्णेल दङ्ग परेको थियो—सब भन्दा राम्रो बयान यिनले दिएको छ भनेर ।

बयानपत्र श्री ३ जुद्धशम्शेर-समक्ष पुगेपछि मात्र थाहा पाइयो । २७ हातको बयानपत्रमा राजनीतिमा लागेको विषयमा केही कुरा उल्लेख नगरेको देखी नरशम्शेर कहाँ लगी वहाँलाई विभिन्न किसिमले यातना एवं अन्य किसिमले तर्साए पछिमात्र पोल खोल्ने मुरलीधर शर्मा (प्रजापरिषदका एक सदस्य) लाई नै गुरू थापी धर्मरत्न तुलाधरले भन्नुभयो—

"म त पेट पाल्नको लागि ल्हासामा नोकरी गरिरहेको थिएँ । सारनाथ गएको बेला मुरलीधरसंग भेट भयो । उनले मलाई हामीहरूको हाडमासु राणाहरूले चुसिरहेका छन्, हाम्रा छोरीबेटी बिगारीरहेका छन् आदि भने । धेरै दिनसम्म यस्तो कुरा गर्न थालेपछि मेरो मनमा असर पर्‍यो । उनैले जवाहरलाल नेहरू संग भेट्ने बन्दोबस्त मिलाइ दिएर "अभिनन्दन-पत्र "दिन लगाएँ । म त खालि उनको हातको खेलौना थिएँ ।"

यसै केरकारको बेला पुनः वहाँले बाध्यतावश बाकि सम्पूर्ण कुरा पनि सुनाउनु परेको थियो, जसमा ल्हासाबाट फर्की साबुन पसल राखेको देखि लिएर पश्चिम नेपाल-पाल्पामा गई त्यहाँका युवकहरूमा राजनैतिक प्रचार गरेको, त्यसैबेला जागिरबाट खोसिएका गुप्तचर विभागका एक भूतपूर्व अफिसर तेगबहादुर मल्लसित भेट भएको र उनैको तर्फबाट तत्कालीन राणा-शासनको विरुद्ध प्रचार गर्नको लागि पटनामा गएर"जनता" पत्रिकाका सम्पादक रामबृक्ष वेनीपुरीलाई भेट्ने सल्लाह दिनुको साथै केही रकमको मद्दत दिएको कुरा पनि सुनाउनु भयो ।

स्मरणीय छ, " जनता " पटना( भारत ) बाट प्रकाशित हुने एउटै मात्र हिन्दी समाजवादी साप्ताहिक पत्रिका थियो, जसमा सर्वप्रथम नेपाल बारेको लेख २० जून १९३८ का दिन छापिएको थियो । यस पत्रिकाका सम्पादक रामवृक्ष वेनीपुरीलाई नेपाल सम्बन्धी तथ्य सामग्री(सूचना र कागजपत्रहरू)पुर्‍याउने



Downloaded from http://dhamma.digital/

सम्पाददाता थिए 'नेपाल प्रजापरिषदका उप-सभापति दशरथचन्द, जसलाई गंगालालका साथ १५ माघ १९९७ का दिन मङ्गलबार मध्यरातमा शोभा भगवती स्थानमुनि विष्णुमती नदीको माझमा राणासरकारको गोलीबाट शहिदी अवस्थामा पुऱ्याएको थियो ।

अन्य स्मरणीय कुरा, त्यसताका ''जनता'' पत्रिकामा राणा सरकारको एवं राणा दरवारको अत्यन्त गोप्य कुराहरू पनि प्रकाशित हुन्थ्यो । अतः नेपाल सम्बन्धी लेखमालाको रूपमा प्रकाशित गरेको यस पत्रिकाका अङ्कहरू भारतमा पनि खूब पढिएँ । नेपालभित्र लुकीचोरी ल्याइएका अङ्कहरू खोजी-खोजी पढिन्थे । एक आनाको त्यस पत्रिका नेपालका प्रमुख शहरहरूमा एक-एक मोहर सम्म तिरी किन्ने गर्दथे । सन् १९४० को अप्रिलसम्ममा यस ''जनता'' साप्ताहिकपत्रिकाले भारत र नेपालका नेपालीहरूमा ठूलो सनसनी फैलाइसकेको थियो । यस पत्रिकामा नेपाल सम्बन्धी लेख रोक्न राणा सरकारले जनरल केशर शम्शेर भारत पठाइएको थियो । अनेक प्रलोभन एवं एक लाख रुपिया सम्म दिने कबुल केशर शम्शेरले गरे बावजूद पनि रामबृक्षबेनीपुरीले '' हामी सिद्धान्तका मानिस हौं, पैसाले किनिने खालका होइनौं'' भन्ने जवाफ दिएका थिए ।

यस्ता क्रान्तिकारी सम्पादक रामबृक्ष बेनीपुरी, जो नेपाली क्रान्तिको इतिहासमा अतिचिरस्मरणीय रहनुभएको छ लाई भेटेर आएको केही महिना पछि न धर्मरत्न 'यमि'लाई पनि धरपकड शुरूगरेको तेश्रो दिन ( ४ कार्तिक १९९७ ) मा गिरफ्तार गरेर लगेको थियो । वहाँ पक्राउ पर्नेमा ५१ औं नम्बरमा पर्नु भएको थियो ।

केरकारको बेला धर्मरत्न 'यमि' को भारतका एक महान नेता एवं साहित्यकार राहुल साँकृत्यायन संग पनि सम्बन्ध भएको बारेमा केशर शम्शेरले सोधेको थियो–

''राहुल संग पनि तेरो सम्बन्ध छ होइन र ? भनी सोधेको प्रश्नलाई ''उनी मेरा बौद्ध-धर्मका गुरु हुन् ।'' भनी धर्मरत्न 'यमि' ले जवाफ दिएका थिए ।

त्यो सुनेर पद्म शम्शेरले भनेको थियो-यी दुवै बदमास हुन् ।',

यसरी पक्राउ परेका प्रमुख व्यक्तिहरूलाई विभिन्न तवरले केरकार गरी सकेपछि गरिएको फैसलानुसार सबैलाई भद्रगोल जेलमा पुऱ्याइएको थियो ।



Downloaded from http://dhamma.digital/

धर्मरत्न 'यमि' लाई १८ वर्ष कैद तोकिएको थियो। त्यही प्रसंगलाई लिएर वहाँले जेलमा देखाएको ठट्टा दृश्य वा जटिल विषयलाई पनि सरलताका-साथ समाधान एवं सम्झाउने स्वभाव भएको बारे समकालीन कैदी खड्गमान सिंह बस्नेत बताउनुहुन्छ—

"एक पटकको कुरा- हामी एउटा कोठामा ५/७ जना बसेर कुरा गरिर-हेका थियौं। अर्को कोठा बाट यमिजी, भएभरको कपडा एउटा तन्नामा बाँधेर ठूलो पोका टाउकोमा राखेर 'यो १८ वर्षको भारी मैले कहिले बिसाउने हो ? भन्दै रुन्चे स्वरमा संगीतको तालले कराउँदै हाम्रो बीचमा पसे। सबै हाँस्न थाल्यौं। कोठामा मैले सोधें- के गर्नु भए को ?

हाँस्दै जवाफ दिए-पहिलो पटक तपाईलाई देख्दा ओहो ! १०/११ वर्षमा यस्तो हालत हुँदोरहेछ, १८ वर्षमा मेरो हालत कस्तो होला !, भन्ने मनमा लाग्दा आत्तिएझैं भएको थिएँ तर दिन बित्दै गयो तपाईलाई प्रसन्न पाउँदा मेरो जेलजीवन पनि सजिलै बित्नेछ भन्ने लाग्यो र त्यही विचारलाई मूर्त रुप दिन त्यो ठूलो पोको टाउको माथि राखेको हूँ।"

यसरी आफ्नो यौवन-अवस्थामा स्वतन्त्रताप्रेमी महारथीहरू, विद्वानहरूसंग जेलमा सतसंगत पाएको, कवि सिद्धिचरण श्रेष्ठ, चित्तधर 'हृदय' केदारमान 'व्यथित', पूर्णबहादुर एम. ए. जस्ता उठबसका साथी बनेको, टंकप्रसाद जस्ता राजनैतिक धुरन्धर संगको जेलमा खुलस्त वादविवाद आदिबाट यमिजीले आफ्नो ज्ञानको भण्डार पूर्ण गरेको थियो। यसै प्रसंगमा वहाँ भनुहुन्छ—

"मेरो लागि ५ वर्ष चानचूनको बन्दीजीवन कायापलट जस्तो हुन गयो। म अघि जेल नपर्दा आफूलाई जान्नेंमा एक ठान्दथें। पछि जेलमा पढेलेखेका साथी हरूसित बस्दा हरेक कुरामा आफूलाई अधुरो भेट्टाएँ।"

टंकप्रसाद आचार्य, रामहरी शर्मा, चूडाप्रसाद उपाध्याय, खड्गमानसिंह र गोविन्दप्रसाद उपाध्याय बाहेक अन्य सबै राजबन्दीहरूलाई ५ वर्ष पश्चात् २००२ सालको इन्द्रजात्राको एक दिनअगाडि कागज गराएर छोडिएको थियो, हेतु थियो- श्री ३ महाराज जुद्धशम्शेर राजपाट छोडी राजर्षिमहाराज भई रिडीगई तपस्वी जीवन बिताउने निधो गर्नु। अतः वहाँले आफूले जेल सजायँ दिएका राजबन्दी-हरूलाई पनि मुक्त गरिदीन चाहे अनुरुप थियो।



Downloaded from http://dhamma.digital/

आफ्नो ५ वर्षको जेलजीवनकालमा धर्मरत्न यमिले आफ्नो दाजु चित्तधर 'हृदय' ( फुपूको छोरा ) ले "सुगत सौरभ" नामक बुद्ध-जीवनी महाकाव्य लेखेर ल्याउनुभएको थियो त वहाँले सिद्धार्थ गौतम ( बुद्ध ) का भाइ नन्दको विषयलाई लिएर "अर्हत् नन्द"को रुपमा नेपालभाषामा महाकाव्य लेखेर ल्याउनुभएको थियो साथै "विश्वन्तरया मचात दान" नामक एक खण्डकाव्य पनि ।

जेलबाट छुट्टिएको केही महिनापछि २००२ सालमै धर्मरत्न तुलाधरले हीरादेवी कंसाकार नामकी एक पढेलेखेकी शिक्षित महिलासित प्रेमविवाह गर्नुभएको थियो । यस विवाहलाई हीरादेवी कंसाकारका परिवारले रूचाएको थिएनन् । हीरादेवी कंसाकार स्वयं धर्मरत्नसंग आपसी भेटघाट एवं वार्तालाप गरी खुसीसाथ आएकी थिइन् ।

विवाह हुनुअगाडि एकदिन धर्मरत्न 'यमि'ले हीरादेवीलाई भन्नुभएको पनि थियो-

"म जस्तो घरबार विहीन राजनीतिमा लागेको व्यक्तिसंग विवाह गर्दा दु:ख हुन्छ, त्यसमा पनि म खराव मान्छे हुँ त्यसैले विवाह नगर ।"

हीरादेवीले त्यसबेला भनेकी थिइन्—

"यदि तपाई नराम्रो मान्छे भए राजनीति गर्नुनै हुने थिएन, त्यसैले त्यसमा मलाई कुनै आपत्ति छैन ।"

यसरी दुबैजनाले आ-आफ्नो गतिबिधि स्पष्टरूपमा थाहा पाइकननै विवाह गर्नुभएको थियो । पछि जीवनयात्राको क्रममा हीरादेवी कंसाकारले धर्मरत्न 'यमि'को जीवनमा देखाएको भूमिकाबाट स्पष्ट हुन आउँछ, उनी कस्ता खालकी महिला थिइन् ।

श्रीमती हीरादेवी 'यमि'को प्रतिभा, योग्यता, साहस, व्यावहारिक कुशलता आदि बारे स्पष्ट जानकारी निम्न केही प्रतिष्ठित व्यक्तिहरूको उद्‌गारबाट स्पष्ट हुन आउँछ—

१) राणाकालमा मुडी जन्मकैदको सजायँ पाउनुभएका रामहरि शर्मा भनुहुन्छ-

"धर्मरत्नकी श्रीमती हीरादेवी तुलाधर पनि राजनीति उत्तिकै बुझेकी साथै राजनीतिमा ज्यादै क्रियाशील भएकी आइमाइ । त्यसताका आर्थिक कष्ट सहेर दु:ख पाई अनेकन कष्ट सहेर पनि २००७ सालअगाडि गर्नुभएको योगदान



Downloaded from http://dhamma.digital/

धेरै प्रसंशनीय रहेको छ। यमिजीलाई पूर्ण टेवा दिने उहाँ नै हुनुहुन्थ्यो।''

२) त्यस्तै नेपाल कम्युनिष्ट पार्टी (वामपन्थी) का एक प्रमुख नेता तुल्सीलाल अमात्य पनि त्यसताका आफू भूमिगत अवस्थामा रहेको बेला धर्मरत्नकी पत्नी हीरादेवीले गरेको उपकारको स्मरणमा भन्नुहुन्छ—

''धर्मरत्नको घरमा भूमिगत बस्नुपर्दा हीरादेवीजीलाई मैले राम्ररी चिन्ने मौका पाएँ। उहाँ एउटी अत्यन्त हिम्मती र प्रजातन्त्र प्रति समर्पित वीर नारीको रूपमा देखें। घरमा आफ्नै आर्थिक संकट त्यसमा अझ मलाई पनि ख्वाउनु पर्ने कहाँ-कहाँबाट ल्याएर उहाँले खाना जुटाइदिनुहुन्थ्यो। त्यसबेला काठमाडौंमा धेरै घरहरूमा पाइखाना भए पनि घरबाहिर बगैंचामाजाने हुन्थ्यो। राणाहरूको समय उज्यालोमा घरबाट निस्कनु जोखिम थियो। त्यसकारण मुख धुनुदेखि लिएर टट्टी-पिसाब पनि घरभित्र कोप्रामानै गर्नुपर्थ्यो। त्यसबेला भूमिगत रहनु खालि एउटा घरमा मात्र लुकेर बस्नु थिएन। घरपतिको निम्ति जोखिमको काम हुनुको साथै एउटा ठूलो झन्झटको काम पनि थियो। यस्तो काम झन्झट नमानी आमाले मात्र आफ्नो स-साना छोराछोरीको निम्ति गर्दा होलान्-कोप्रा फ्याँक्ने-देखि धुने पखाल्ने काम। हुन त म पछि गएर अरू घरहरूमा पनि भूमिगत रहें तर जुन सहृदयताको व्यवहार वहाँबाट पाएँ त्यो अनि उच्चकोटीको व्यवहार रह्यो।''

३) यस्तै एक राजनीतिज्ञ एवं साहित्यकार केदारमान 'व्यथित' पनि भनुहुन्छ-

''धर्मरत्न 'यमि' जुया श्रीमती नं उलिहे गुणं युक्तम्ह मिसा खः। राजनीतिया क्षेत्रय्‌नं उलिहे ब्याःह्म; २००७ साल ह्लचःयागु क्रान्तिइनं उलिहे योगदान बियाःगुहालि यानाःवःह्म मिलनसारह्म खः। थौं धर्मरत्न 'यमि' जुया काय्-ह्माय्-य्‌पिसं गुलिनं उच्चशिक्षा प्राप्त याना राष्ट्रसेवाय् थःत पानाच्वंगु दु उकिया श्रेय यमिजुयात सिकं श्रीमती हीरादेवीयात अपो दु। राणातय्‌गु इलय् मिसात धैपिं व्याहाँ हे मवःगु इलय् वय्‌कलं २००७ सालह्लचःयागु क्रान्तिइ खूब आँट यानाः सहयोग यागु खः। महिलासंगठन गठन जूगुलिनं वय्‌कःया ल्हाःदु। वय्‌कःलं सुयागुं दुःख स्वयेमफु।''

४) यस्तै वहाँहरूको एक स्वबन्धु (धर्मरत्नको फुपूकी छोरी) एवं कविकेशरी चित्तधर 'हृदय'की बहिनी मोलिलक्ष्मी उपासिका भनुहुन्छ—



Downloaded from http://dhamma.digital/

"धर्म रत्न गुलि प्रगतिशील, हीरादेवी नं उलिहे प्रगतिशील। धा:धा:थाय् वनेगु, धा: धा:गु यायेगु, ह्या:, मह्या:, ग्या: धइगु मदु;ह्लयाथाय् वने मा:सां तयार; न्ह्याःगु यायेतनं लिमच्यू। हीरादेवी ग्या:ह्म मखु-२००४ सालय् भारत स्वतन्त्रता दिवस ( १५ अगस्त १९४७ ) मानेयाना: जुलुस वन। उगु जुलुसय् वइत ज्वनायका: छुं दिन कुनं कुन। वहे इवलय् धर्मरत्नयात नं ज्वनायंका थानाय् कुनातल।"

हो, 'यमि' दम्पतीले १५ अगस्त १९४७ तद्नुसार ३१ श्रावण २००४ सालका दिन भारत स्वतन्त्र दिवस मनाएको ( हीरादेवीको सभापतिमा ) एवं जुलुसको नेतृत्व गरेबापत दुवैजनालाई पक्रेर लगेको थियो। त्यसबेला हीरादेवीको काखमा केही महिनाको दूधे बालक धर्मदेवी पनि थिइन् जो 'यमि' दम्पतीको पहिलो सन्तान एवं पहिली पुत्री थिइन् जो पछि डाक्तर बनेकी थिइन् हुनाको कारण हीरादेवीलाई केही दिनपछि छोडेको थियो भने धर्मरत्न 'यमि'लाई ६ महिनाको कैद गरिएको थियो। यस ६ महिनाको जेलकालमा वहाँको साथै भक्तपुरका एक राजनैतिक एवं सामाजिक कार्यकर्ता विष्णुभक्त भुजू पनि थिए, वहाँलाई भक्तपुरमा त्यस्तै ( भारतीय स्वतन्त्रता-दिवस ) कार्यक्रममा संलग्न भएको अभियोगमा थुनिन लागेको थियो।

यस दोश्रो पटकको जेलयात्राकालमा धर्मरत्न 'यमि'ले विषेशत: साम्यवाद र समाजवाद बारे विस्तृत रूपमा अध्ययन गर्ने मौका पाउनुभएको थियो, त्यही वहाँको सम्पर्क तुल्सीलाल अमात्यसित भएको थियो।

नयाँ राजनैतिक विचारको हृदयगम गर्नुको अतिरिक्त यस दोश्रो जेलयात्राकालमा वहाँले बुद्धको जीवनीलाई संक्षिप्त रूपमा खण्डकाव्यको रूपमा "जगतज्योति" नामक पुस्तक पनि लेख्नुभएको थियो जुन पुस्तकको प्रकाशन सर्वप्रथम २००८ सालमा "धर्मोदय-सभा"बाट भएको थियो।

जेलबाट छुट्टिनासाथ धर्मरत्न 'यमि'ले पुन: राजनैतिक कार्य अन्तर्गत नव गठित हुन लागेको "नेपाल प्रजापञ्चायत'को' सफलताको निमित्त भूमिगतरूपमा मद्दत गरे।

विशेषत: काठमाडौंका ११ जना युवक नेताहरु सम्मिलित भई संगठन भएको यस संगठनको संस्थापन उद्घोषण २००५ सालको विजया दशमी ( २६ आश्विण



Downloaded from http://dhamma.digital/

१२ अक्टोबर १९४७ ) का दिन श्रीमती हीरादेवी तुलाधरको तर्फबाट त्यस संगठनको पहिलो अभियानका प्रमुख मानिएका त्रिपुरवरसिंह प्रधान र विजय-बहादुर मल्ललाई दशैंको टिका र जमरा लगाई सु-सम्पन्न गरेको थियो । यस कार्यक्रम एउटा आमसभाको आयोजनाका साथ गरिएको थियो । स्थान थियो— नयाँ सडकको भूगोल पार्क ।

त्यस सभामा वक्ताहरूलाई प्रहरीहरूले गिरफ्तार गर्न नसकेपनि त्रिपुरवरसिंह प्रधानले पढेको लिखित वक्तव्य उनको हातबाट खोसेर लिएको थियो । विजय बहादुर मल्लले विनाटिपोट बोलेको हुनाले प्रहरीहरूले उनीबाट केही बरामद गर्न पाएनन् ।

त्यसताका यस संगठन "नेपाल प्रजापञ्चायत" स्थापना गर्नुपर्नाका खास-कारण देश बाहिर ( भारतमा ) रहेका नेपालीहरू मिली राणाशाही विरुद्ध संघर्ष गर्नलाई गठिन भएको "नेपाली राष्ट्रिय कांग्रेस" मा आपसी फूट हुनु थियो । विशेषतः दुई गुट (कोइराला र रेग्मी) मा एकले अर्कोलाई हिलो छ्या-पाछ्याप समेत गरिरहेको त्यस स्थितिलाई सुधार्न धर्मरत्न 'यमि' एवं अन्य केही साथीहरू काठमाडौंबाट बनारस गई डा. राममनोहर लोहिया, जयप्रकाश-नारायणलाई भेटी कुराकानी गर्नुभएको थियो । डा. डिल्लीरमण रेग्मी र विश्वे-श्वर प्रसाद कोइराला आ-आफू कांग्रेसको सर्वोच्च नेता मान्ने धूनमा लागेको कलहलाई निप्टाउन विशेषरूपमा गणेशमान सिंह श्रेष्ठ, सूर्य बहादुर भारद्वाज र धर्मरत्न 'यमि'ले निकै कोशिश गरे तर सफल भएन ।

स्मरणीय छ, "नेपाल प्रजापञ्चायत" गोपालप्रसाद रिमालको अध्यक्षतामा गठन भएको थियो, यसको केन्द्रीय कमिटीमा अन्य सदस्यहरू १० जना निम्न थिए—

१) कृष्णप्रसाद रिमाल
२) सूर्यबहादुर भारद्वाज
३) धर्मरत्न 'यमि'
४) तुलसीलाल अमात्य
५) नरबहादुर कर्माचार्य
६) देवेन्द्रलाल श्रेष्ठ
७) त्रिपुरवरसिंह प्रधान
८) विजयबहादुर मल्ल
९) चन्द्रशेखर आजाद
१०) लक्ष्मीभक्त श्रेष्ठ



Downloaded from http://dhamma.digital/

यस संगठनले ३ महिनासम्म जोडतोडले सत्याग्रह आन्दोलन चलाएको थियो जसको निमित्त काठमाडौंमा १५००, भक्तपुरमा ७०० र पाटनमा ४०० कार्यकर्ताहरू सम्मिलित भएका थिए। यी कार्यकर्ताहरू संगठन गर्ने जिम्मा काठमाडौंमा गोपालप्रसाद रिमाल, धर्मरत्न 'यमि' र सूर्यबहादुर भारद्वाजले लिएका थिए भने पाटनमा नरबहादुर कर्माचार्य र भक्तपुरमा विष्णुभक्त भुजूले लिनुभएको थियो।

नेपाल प्रजापञ्चायतको आन्दोलन जतिको तगडा थियो सरकारको दमन-नीति पनि उतिकै कठोर थियो। महिना-डेढ महिनाभित्रमा २०० भन्दा बढी कार्यकर्ताहरूले गिरफ्तारी दिएका थिए। त्यस आन्दोलन पौष (२००५ साल) सम्म पनि जारी रहेको थियो। यस आन्दोलनका प्रमुख कार्यकर्ताहरू प्रायः जेलभित्र परिसकेका थिए। बाहिर बाकि रहेका दुई-तीन जनाले आन्दोलन सञ्चालन गर्दै थिए जसमा प्रमुखतः गोपालप्रसाद रिमाल, कृष्णप्रसाद रिमाल धर्मरत्न 'यमि' र विष्णुभक्त भुजू थिए। त्यसबेलासम्म पनि कार्यकर्ताहरूलाई धरपकड गर्दैरहेको थियो। अतः वहाँहरू २७ पौष २००५ का दिन साँखूमा पुग्नुभई गुप्त सरसल्लाह गरी सोही दिन भारततर्फ जाने भनी विष्णुभक्त भुजू बाहेक तीनैजना त्यसतर्फ प्रस्थान गर्नुभएको थियो।

यस बारेमा "नेपाल प्रजापञ्चायत"का एक संस्थापक कृष्णप्रसाद रिमाल (गोपालप्रसाद रिमालका भाइ) भन्नुहुन्छ—

"जेल परेका प्रजापञ्चायतका साथीहरूले के सोचेर हो गोपालप्रसाद रिमाल यमिजी र मलाई भारतमा गई त्यहाँका नेताहरूबीच उब्जेको मनोमालिन्य दूर गरी पुनः एउटै संगठनमा आवद्ध गराउने प्रयासमा लाग्ने सल्लाह दिए। हामी साथीहरूको आग्रह मानेर लुकीछिपी बनारस पुग्यौं। हामीले दुबै गुटलाई मिलाउने प्रयास गर्‍यौं। काठमाडौं जेलमा बसेका सत्याग्रही साथीहरूको अपिल सुन्न आग्रह गर्‍यौं। केले हो कुन्नि मेल हुन दिएन। हाम्रो महिनौंको प्रयास त्यसै खेर गयो। मलाई प्रयास नछोड्ने सल्लाह दिएर गोपालप्रसाद रिमाल र यमिजी काठमाडौं फर्कनुभयो र जेलमा साथीहरूसंग सम्मिलित हुनुभयो।"

हो, धर्मरत्न 'यमि' भारतबाट काठमाठौं फर्केको केही दिनमै वि. सं. २००६ सालको मध्यमा ताहाचलको बाटोमा आइरहनुभएकोबेला गिरफ्तार गरी



Downloaded from http://dhamma.digital/

भद्रगोलजेलमा पुऱ्याइएको थियो । भद्रगोल जेलमा ७ महिना र नख्खूजेलमा ९ महिना गरी जम्मा १६ महिनाको तेश्रो जेलयात्राकालमा पनि धर्मरत्न 'यमि'ले साहित्यिक प्रगति गर्नुभएको थियो, ती हुन्—

१) "सँदेया लिस:" नामक खण्डकाव्य । यस खण्डकाव्यमा वहाँले ल्हासामा एउटी हिसिला नामकी केटीसंग प्रेम सम्बन्ध भएको तर नेपालीहरूको जात्यभिमान एवं असमान व्यवहार (पुत्र जन्मे नेपाली हुने-पुत्री जन्मे भोटको रैती वा विना सम्पत्तिवाला)ले गर्दा त्यो केटीले विवाह गर्न नमानेको कुरा मार्मिकरूपमा उल्लेख गर्नुभएको थियो ।

यस काव्यको बारेमा पुराना एक राजनैतिक कार्यकर्ता श्री चैतन्यलाल श्रेष्ठ भन्नुहुन्छ—

"स्वर्गीय महाकवि लक्ष्मीप्रसाद देवकोटा (वि. सं. १९६६-२०१६) बाट लिखित "मुना-मदन" खण्डकाव्यमा भन्दा यस काव्यमा तिब्बतको वातावरण र चित्रण राम्रो भएको छ ।... ...

"मुना-मदन" जस्तै " सँदेया लिस:" पनि नाटकको रूपमा र सञ्चारको माध्यमबाट प्रचार-प्रसारमा आउन सके मुना-मदनले भन्दा बढि लोकप्रियता हासिल गर्न सक्ने छ । "

२) "न्वाखँ पुचल"-नामक एक गीति ( कविता ) संग्रह । यस पुस्तकको परिचय एवं महत्वबारे नेपाल भाषा एवं नेपाली साहित्यका एक सुप्रसिद्ध लेखक माधवलाल कर्माचार्य भन्नुहुन्छ—

" २००७ सालको अन्तिम महिना (चैत्र )मा धर्मरत्न 'यमि'ले "न्वाखँ पुचल" भन्ने शिक्षापूर्ण गीतहरूको एउटा सानो संग्रह निकाल्नुभयो जुन वहाँले तेश्रो पटकको जेलयात्रामा २००६ सालतिर लेख्नुभएको हो र जसमा वहाँले युगैंयुगसम्म शिर निहुराई आँखा उठाउनै विर्सेका श्रापलाई पनि आशीष सम्झने विचराहरूलाई उठाउन युवक युवतीलाई आव्हान गरिएका जस्ता हिम्मत बढाउने तथा देश र देशवासीप्रति तथा देशका विभिन्न भाषा-भाषीका संस्कृति र संस्कारप्रति ममता बढाउनेखालका उद्वोधन गीतहरू पनि समावेश गर्नुभएको छ ।"



Downloaded from http://dhamma.digital/

यसरी १६ महिनाको तेश्रो जेलयात्राकालमा दुइ वटा पुस्तक तयार गरी ६ फाल्गुण २००७ सालका दिन नख्खू जेलमा बाकिरहेका धर्मरत्न 'यमि' एवं वहाँकै एक छिमेकी तथा पुराना राजनैतिक कार्यकर्ता प्रदिप्तमानसिंह प्रधान रिहा भई खुशीयालीका साथ घर फर्कनुभएको थियो ।

२००७ साल फाल्गुण ७ गते प्रजातन्त्रको घोषणापछि गठित राणा-कांग्रेस संयुक्त मन्त्रिमण्डल जसलाई धर्मरत्न 'यमि'ले "गङ्गा-जमुना मन्त्रिमण्डल" को संज्ञा दिइएको थियो जब आन्तरिक विवादले ग्रस्त भएको थियो, पटक-पटक टालटुल गर्ने प्रयास भएतापनि टिक्न नसक्ने भएपछि विकल्पको खोजी भयो र नयाँ मन्त्रिमण्डल खडा हुने भयो । राष्ट्रपिता श्री ५ त्रिभुवनले तत्कालीन नेपाली कांग्रेसको सभापतिको हैसियतमा मातृकाप्रसाद कोइरालालाई प्रधानमन्त्री पद प्रदान गर्नुको साथै, मन्त्रिमण्डलमा राष्ट्रका विभिन्न क्षेत्र र वर्गको प्रतिनिधित्व होस् भन्ने इच्छा प्रकट गरिबक्सेको थियो । अत: मातृकाप्रसाद कोइरालाले केही नामहरू राष्ट्रपिताका सम्मुख प्रस्तुत गरेको थियो, ती नामहरू हेरिसकेपछि श्री ५ त्रिभुवनले भन्नुभएको थियो—

"अरू नाम त ठिक छन् तर काठमाण्डौं उपत्यकाको एक प्रमुख वर्गको प्रतिनिधित्व नपुगेको जस्तो लाग्यो त्यो हो बुद्धमार्गीहरूको ।"

तसर्थ श्री ५ त्रिभुवनले ती वर्गको प्रतिनिधित्व गराउने हेतु धर्मरत्न 'यमि'को परिचय दिंदै भन्नुभएको थियो–

'निज असल मानिस हुन्, ल्हासामा पनि बसिआएका, राहुल सांकृत्यायन-सित पनि बस-उठ भएका, सामाजिक काममा पनि अग्रसर रहने भन्ने मैले थाहा पाएको छु, बुझेर निजलाई राख्नू ।"

यसरी धर्मरत्न 'यमि' राष्ट्रपिता श्री ५ त्रिभुवनको तर्फबाट स्वतन्त्ररूपमा मन्त्रिमण्डलमा सामेल हुनुभएको थियो । ३० मंसिर २००८ का दिन गठित मातृकामन्त्रिमण्डलमा शुरूमा खाद्य उप-मन्त्री हुनुभएको थियो त २२ माघ २००८ देखि १९ श्रावण २००९ सम्म बनउप-मन्त्री पदमा बहाल रहनु भएको थियो । त्यस अवधिभित्रमा श्री ५ त्रिभुवनकै अनुकम्पाबाट धर्मरत्न 'यमि'ले बुरांखेलको घर किन्नुभएको थियो ।



Downloaded from http://dhamma.digital/

आफू मन्त्री बनेको प्रसंगमा धर्मरत्न 'यमि'ले एकदिन आफ्नो निजीसचिव विश्वरामभक्त माथेमालाई भन्नुभएको थियो–

''विश्वरामजी ! मलाई मातृकाबाबुले चाहेर आफ्नो मन्त्रिमण्डलमा सामेल गरेको होइन। प्रजातन्त्रको लागि हामी एउटै मोर्चाबाट लड्यौं। वहाँलाई मेरो विषय सबै कुरा थाहा छ तर एकदिन जरूरी काम परेर भेट्न जाँदा 'फुर्सत छैन' भनेर वहाँले मलाई फर्काउनु भएको थियो। स्वयं श्री ५ त्रिभुवनले मन्त्रि-मण्डलमा सामेल गराइ बक्सेको हो। मातृकाबाबुको अनुरोधलाई मैले विचारा-धीन भनेको थिएँ। मौसूफबाट ''केको विचार गर्नुपर्छ। आउनुपर्छ'' हुकुम भएपछि मैले नाई भन्न सकिन।

उल्लेखनीय छ, मन्त्री हुनुअगाडि, मन्त्री भएकोबेला र मन्त्री नरहेपछि पनि धर्मरत्न 'यमि'ले राजा श्री ५ त्रिभुवनबाट उचित व्यवहार पाउनुभएको थियो। निसन्देह वहाँ मौसूफको ठूलो विश्वासपात्र हुनुहुन्थ्यो। श्री ५ त्रिभुवन समक्ष दर्शन भेटमा कहिलेकहीं श्री ५ बाटनै नेपालभाषामा'अय् यमि, छु खबर ? भन्नेबेलामा वहाँलाई निकै गद्‌गद्‌ता उत्पन्न हुने कुरा वहाँ आफ्ना मित्रहरूलाई सुनाउनुहुन्थ्यो साथै कुराकानीमा श्री ५ पनि नेवारै जस्तै अनुभव हुने कुरा पनि वहाँ आफ्ना मित्रहरूलाई बताउनुहुन्थ्यो।

प्रजातन्त्रपछिको राजा त्रिभुवनको पूर्वाञ्चल भ्रमणमा धर्मरत्न 'यमि'का साथ वहाँको निजीसचिव विश्वरामभक्त माथेमा पनि जानुभएको थियो। त्यस-बेला मौसूफको भ्रमण काठमाडौंदेखि भारतको लहरियासराय सम्म डाकोटा हवाइजहाजबाट भएको थियो। त्यहाँबाट त्यो भ्रमण जयनगर भई जनकपुर विराटनगर-वीरगञ्ज भई टुंगिएको थियो।

२०११ सालमा श्री ५ त्रिभुवन उपचारको निमित्त स्विट्जरलैण्ड (Swit-zerland) सवारी हुन लागेको बेलामा पनि मौसूफले धर्मरत्न 'यमि'को काँधमा हातले अडेस लिइबक्सी आज्ञा भएको थियो–

''मलाई नराम्रो रोगले चापेको छ। म यूरोप जाँदैछु। फर्कन सक्ने उम्मीद कमै देख्दछु। देशकोलागि म बाट जति भो, भो,। आज तिमी जवान-हरूको हातमा देश छ। यो देश सुन फल्ने देश हो।''



Downloaded from http://dhamma.digital/

यसरी श्री ५ त्रिभुवनसित धर्मरत्न 'यमि'को सम्पर्क निकै घनिष्ठ रहेको थियो। वहाँपछि श्री ५ महेन्द्रसित पनि धर्मरत्न 'यमि'को सम्बन्ध राम्रै थियो। तैपनि २०१७ सालमा पञ्चायती व्यवस्था लागु गरिएको समय केही महिना धर्मरत्न 'यमि' श्रीमहलमा नजरबन्दको रूपमा रहनुभएको थियो। यसबेला पनि वहाँले ''आङल्हामो'' नामक एक नेपालभाषामा उपन्यास लेख्नुभएको थियो, जुन वहाँले त्यसबेला त्यहीं श्रीमहलमा नजरबन्दीको रूपमा रहनुभएका प्रो. माणिकलाल श्रेष्ठलाई पनि देखाउनुभएको थियो। पूरै राजनैतिक विषयमा नेपाल भाषामा लेखिएको त्यस उपन्यास प्रकाशित गर्नमा प्रतिबन्ध लगाइएको थियो जुन ''पासामुना''को तर्फबाट ने. सं. १०९० ( वि. सं. २०२७ ) मा छापिइएको थियो। यसलाई पुनः ने. सं. १११२ ( वि. सं. २०४९ ) मा ''पलेस्वाँ पिथना'' काठमाडौंबाट प्रकाशित गरिएको थियो।

वि. सं. २०१९ सालदेखि धर्मरत्न 'यमि' पनि एउटा कर्मठ पञ्चको रूपमा राष्ट्रिय पञ्चायतको मनोनीत सदस्यको रूपमा रहनुभएको थियो। यसै प्रसंगमा कांग्रेसका सर्वोच्च नेता गणेशमानसिंह श्रेष्ठले २०१७ साल पछिको लामो जेल बसाइबाट छुटेपछि २०२६ सालतिर एक दिन भेटघाटको बेला धर्मरत्न 'यमि'लाई भन्नुभएको थियो—

''तपाईजस्तो क्रान्तिकारी पनि यसरी पतन हुने ?'' जवाफमा धर्मरत्न 'यमि'ले भन्नुभएको थियो—

''तपाईजस्तो फुलेर बसेर काम चल्दैन। समय अनुसार आफ्नो कुरा राख्न जान्नुपर्छ। म प्रजातन्त्रकै लागि पञ्चायतलाई उपयोग गरिरहेछु।''

वहाँको सहीधारणाबारे गणेशमानसिंह भन्नुहुन्छ—

''परिस्थितिले गर्दा पञ्चायतमा गए पनि उहाँ (धर्मरत्न 'यमि') भित्री हृदयका सच्चा प्रजातन्त्रवादी हुनहुन्थ्यो। नेपालमा प्रजातन्त्र आउनुपर्छ भन्ने वहाँको सधैं धारणा रह्यो।''

यस्तै एकपटक राणाकालको बन्दीजीवनबाट मुक्त भएको बारेमा पनि गणेशमान सिंहले धर्मरत्नसंग सोध्नुभएको थियो—

''होइन, माफी माग्नेलाई मात्र महाराजले छोडेको हो रे नि ? तपाईपनि माफी मागेर छुटेको होइन त?'' जवाफमा धर्मरत्न 'यमि'ले भन्नुभएको थियो—



Downloaded from http://dhamma.digital/

", अब के त्यहाँ बसेर त्यसै सड्ने त ? तपाई जेलबाट भागेर आउनुभयो, त्यो राम्रो हो तर आफूले त्यसो गर्न सकिएन। जे गरेर पनि बाहिर निस्कनु पर्छ र आफ्नो काम गरिसक्नुपर्छ भन्ने मेरो सिद्धान्त हो। त्यो मेरो स्पिरिट त अझै मरेको छैन नि। को कस्तो हो भन्ने त भविष्यले पनि देखाई हाल्छ नि !"

यसरी त्यसताका ( राणा शासन अन्त गरेको बेला र पञ्चायती व्यवस्थाको समयमा ) नेपाली राजनैतिक क्षितिजमा विचरेर पनि सबै राजनैतिक विचार धारा र संगठनसंग सामीप्य र सौहार्द्रता कायम गर्नमा सक्षम हुनुभएका धर्मरत्न 'यमि'लाई पञ्चायतीपक्षले "सच्चा राष्ट्रभक्त र राजभक्त", नेपाली कांग्रेसपक्षले "सच्चा प्रजातन्त्रवादी" र वामपन्थी पक्षले "प्रगतिशीलता" देख्नु वहाँको जीवनको सफलताको परिचायक हो।

यसको अतिरिक्त वहाँसित भएको अन्य विलक्षण प्रतिभा हो-बुद्ध र बुद्ध-धर्म-दर्शन सम्बन्धी अगाध ज्ञान, जसको प्रमुख नमूना हो-"बौद्धदर्शनको रूपरेखा"।

वि. सं. २०१९ सालमा प्रकाशित भएको यस पुस्तक तयार पार्नलाई धर्मरत्न 'यमि'ले दिल्लीदेखि लखनऊ, बाराणसी, सारनाथ, कलकत्ता, गान्टोक (सिक्किम) र नेपालका विभिन्न ग्रन्थालयहरूमा गई टिका-टिप्पणी गर्दै रहनु भएको २ वर्ष ७ महिनापश्चात् मात्र ग्रन्थलेखन कार्य पूरा गर्नुभएको थियो। वहाँले ग्रन्थको शुरूमा "ग्रन्थको उद्देश्य"को क्रममा बुद्ध-र बुद्ध-धर्मको महान्ताबारे उल्लेख गर्नुहुन्छ—

"आधुनिक विश्व-इतिहासका कति कति कर्मवीर, धर्मवीर, युद्धवीर र आर्यवीरहरूमा गौतम बुद्ध अन्यतम थिए। उनको धर्म आजको युगमा पनि मानिस जातिको लागि त्यतिकै शान्तिदायक छ जति यसको प्रादुर्भाव भएको बेलामा थियो। बुद्धले समयको हरेक परिस्थितिको अनुरूप जुन धर्मचक्र-प्रवर्तन गरे यो यति सजीव, यति व्यावहारिक, यति मङ्गलमय र यति मानवजातिको मस्तिष्क-का तन्तुभित्र शान्ति दिने भएको छ जसले गर्दा आजका ठूल्ठूला राजनेता, वैज्ञानिक, दार्शनिकहरू पनि यसबाट प्रभावित नभई बस्न सकेका छैनन्। उनको धर्मको प्रभुता केवल एशियाली देशहरूमा मात्र होइन यूरोप, अफ्रिका र अमेरी-कादि देशका कोटि-कोटि मानवजातिको लागि मङ्गल र शान्तिको साधन बन्नुको साथै अत्यधिक कल्याणको साधनामा पनि यो लागिरहेकै छ। पाश्चात्य



Downloaded from http://dhamma.digital/

विद्वत वर्गका हृदय र मस्तिष्क यदि पूर्वतिर तान्ने काम कुरा कसैबाट भयो भने त्यो बुद्धको स्वतन्त्र र शान्तिदायक धर्मबाट नै भयो भन्न सबैलाई कर लागेको छ।"

यसरी राजनीतिमा मात्र होइन धर्मनीतिमा पनि विज्ञ हुनुभएका धर्मरत्न 'यमि' २५ भाद्र २०३२ का दिन आफ्नो कान्छी श्रीमती सावित्रीदेबी, पुत्र विधान रत्न, पुत्रीहरू-धर्मदेवी, तिमिलादेवी, न्हुक्ष्यशोभा, चीरिक शोभा, कयोदेवी र हिसिला सबैलाई छोडी काठमाडौं बीर अस्पतालमा सिर्फ ६० वर्षको उमेरमा निधन हुनगएबाट देशका विभिन्न क्षेत्रहरूको अतिरिक्त बौद्धजगतको निमित्त पनि एक अपूर्णनीय क्षति हुनगएको थियो।



Downloaded from http://dhamma.digital/

# धर्मरत्न 'यमि'का प्रकाशित पुस्तकहरू

-नेपालभाषा-

१. न्वाखं पुचल ( कविता संग्रह )
२. सँदेया लिसः ( खण्डकाव्य )
३. विश्वन्तरया मचात दान ( '' )
४. अर्हतनन्द ( महाकाव्य )
५. लिथु ( लघु उपन्यास )
६ भृकुटी ( ऐतिहासिक उपन्यास-'श्रेष्ठ सिरपाः' प्राप्त )
७. महास्थविर धम्मालोक भन्ते ( जीवनी )
८. आङ्ल्हामो ( उपन्यास-प्रतिबन्धित )

— नेपाली —

९. बुद्ध मानिस हुन् ( प्रबन्ध )
१०. शहिदी रक्त ( कविता )
११. जगत् ज्योति ( खण्डकाव्य-बुद्ध-जीवनी )
१२. नेपालका कुरा ( समीक्षात्मक इतिहास )
१३. हाम्रो राष्ट्रियता ( राजनैतिक प्रबन्ध )
१४. बौद्धदर्शनको रूपरेखा ( प्रबन्ध )
१५. समाजको योटा झलक ( लघु उपन्यास )
१६. प्रवासी नेपालीलाई मेरो बिन्ती ( प्रबन्ध )
१७. गान्धी गौरव ( गान्धी शतवार्षिकको उपलक्ष्यमा प्रकाशित )

— हिन्दी —

१८. महामनुष्य बुद्ध ( 'बुद्ध मानिस हुन्'को अनुवाद )



Downloaded from http://dhamma.digital/

## –अंग्रेजी–

१९. No third way out.

२०. The study of critical situation of Nepal.

२१. Press statements and articles on Present relation between Nepal & India.

## –सन्दर्भ–


१. धर्मरत्न 'यमि'– महापण्डित राहुल सांकृत्यायन
– शंकरबहादुर कार्की क्षेत्री
कमलपोखरी, काठमाडौं १९५४

२. धर्मरत्न 'यमि' स्मृतिग्रन्थ–२०४६

३. नेपालको जनक्रान्ति २००७–भुवनलाल प्रधान
–रुमुप्रकाशन पकनाजोल–२०४७




Downloaded from http://dhamma.digital/

# लेखकका प्रकाशित पुस्तकहरू

१) नेपालको इतिहासमा कलङ्कित घटना
२) भिक्षु धर्मालोक महास्थविर
३) बौद्धजगत्का स्मरणीय व्यक्तिहरू (प्रथम भाग)
४) बाबासाहेब डा. अम्बेडकर
५) अनागारिका धम्मावती
६) 'पियदस्सि' पं. जवाहरलाल नेहरू
७) भिक्खुत्रयी
८) भिक्षु ऊ. चन्द्रमणि महास्थविर
९) महान् उपन्यासकार प्रेमचन्द
१०) जीवनयात्रा में दार्शनिक दृष्टियाँ (प्रस्तुति)
११) मनू ह्मसीकेगु गय् ? (लेख-संग्रह)
१२) बौद्ध-ऋषि महाप्रज्ञा
१३) भिक्षु ऊ. कित्तिमा महास्थविर
१४) वे बुद्ध के चरणचिह्न पर चले थे (प्रस्तुति)
१५) बौद्धजगतका स्मरणीय व्यक्तिहरू (दोस्रो भाग)
१६) भिक्षु विवेकानन्द महास्थविर व.........
१७) एक व्यक्तित्व–श्री भुवनलाल प्रधान
१८) स्वतन्त्रता सेनानी–धर्मरत्न 'यमि'

मुद्रकः- लक्ष्मी प्रिन्टर्स; क्वाठण्डौ टोल, भक्तपुर-४

Downloaded from http://dhamma.digital/